# खुल्ला तथा दूर शिक्षा शिक्षणको आवश्यकता र महत्त्व

**प्रा. नरप्रसाद थापा**
क्याम्पस प्रमुख, सानोठिमी क्याम्पस, भक्तपुर

## लेखसार

**भौगोलिक विकटता, कामको व्यस्तता, आर्थिक, सामाजिक एवम् साँस्कृतिक समस्याको कारणले पत्राचार, रेडियो, टेलिभिजन र ईन्टरनेट जस्ता माध्यमबाट कार्यस्थलमै बसी लिने शिक्षालाई सामान्यतया खुला तथा दूर शिक्षा भनिन्छ । एक्काइसौँ शताब्दिको युग अत्यन्त व्यस्त र सूचना प्रविधिको युग भएकाले नोकरी, घरायसी काम लगायत अन्य विविध कारणले औपचारिक शिक्षा लिनबाट बञ्चित जनशक्तिलाई विद्‍यालय तथा विश्व विद्‍यालय तहको शिक्षा प्राप्त गर्ने अवसर प्रदान गरी देश विकासमा सबै नागरिकलाई समाहित गर्ने उद्‍देश्य बमोजिम सन् १९६० मा बेलायतबाट सुरुआत भएको खुला शिक्षा हाल आएर नेपाल लगायत संसारका अधिकांश देशमा सञ्चालित भइरहेको छ । नेपालको परिवेशमा हेर्दा शिक्षा मन्त्रालयअन्तर्गत देशका विभिन्न छ ओटा शिक्षा क्याम्पसमा समेत खुला शिक्षा (विश्व विद्‍यालय तहको) कार्यक्रम सञ्चालनमा रहेका छन् । यस लेखमा विशेष गरी क्याम्पस तहको खुला शिक्षा, यसको सुरुआत, उद्‍देश्य, महत्त्व तथा वर्तमान अवस्थाको विश्लेषण गर्ने प्रयास गरिएको छ । यो लेख सूचनामूलक र अनुभव प्रतिविम्बितमूलक लेखको रूपमा यहाँ प्रस्तुत गरिएको छ ।**

## पृष्ठभूमि

आर्थिक, सामाजिक, राजनैतिक आदि कारणले गर्दा औपचारिक उच्च शिक्षा  प्राप्त गर्ने मौकाबाट बञ्चित हुन पुगेका व्यक्तिहरूको लागि आफ्नो भौगोलिक क्षेत्र वा घरमै बसी बसी शिक्षा प्रदान गर्न गरिएको शैक्षिक प्रबन्धलाई खुल्ला विश्व विद्‍यालय (Open University) भनिन्छ ।सामाजिक न्यायका दृष्टिकोणले हेर्दा प्रत्येक वर्ग,लिङ्ग, आदिवासी, जनजाती, दलित, गैह्रदलित, पिछडिएका वर्ग आदि सबैले शिक्षा प्राप्त गर्न पाउने नैसर्गिक समान अवसर पाउने वातावरणको सिर्जना गर्न सकिएन भने ती वर्गहरूका लागि न्याय भएको मान्न सकिन्न । अहिले विश्वमा राष्ट्रहरूको सङ्ख्या लगभग २०० वटा पुगेका हुनाले प्रत्येक राष्ट्रका नागरिकले शिक्षाको समान अवसर पाएको छ भन्न सक्ने अवस्था छैन । प्रत्येक देशका प्रत्येक नागरिकले जबसम्म शिक्षाको  समान अवसर पाउन सक्दैनन् तबसम्म देशको चौतर्फि विकास हुन्छ भन्न सकिन्न । कुनै पनि देशले औपचारिक शिक्षाको माध्यमबाट मात्र आफ्ना नागरिकलाई शिक्षित गर्छु भन्नु केवल दिवा सपनामात्र सावित हुँदै आएको पाइन्छ ।

शिक्षा शास्त्री पाउलो फेरेले औपचारिक शिक्षाको आलोचना गर्दै औपचारिक शिक्षाले विद्‍यार्थीको क्षमताको विकास गर्नको सट्टा उसलाई एक निश्कृय ग्रहणकर्ताको रूपमा विकास गरिरहेको  छ भन्ने कुरामा जोड दिएका छन । शिक्षाको मुख्य उद्‍देश्य शिक्षा प्राप्त गर्ने व्यक्तिलाई जीवनोयोगी बनाउँदै उसलाई सामाजिक समायोजन गर्न अतिरिक्त ज्ञानको खोजपूर्ण परिणाम हो भन्दै जोड दिएका छन् । साथै  पाउलो फेरेले औपचारिक शिक्षाले केही सिमित व्यक्तिलाईमात्र शिक्षा प्राप्त गर्ने अवसर पाउने हुनाले समस्त व्यक्तिलाई शिक्षा प्राप्त गर्ने अवसर दिने हो भने औपचारिक शिक्षाको विकल्पमा अनौपचारिक शिक्षाको पनि विकास गर्नु पर्छ भन्ने कुरामा जोड दिएको छन् । उनको भनाईको व्याख्या र विश्लेष्ण गर्ने हो भन्ने प्रत्येक देशले औपचारिक माध्यमबाट दिँदै आएको  शिक्षाको विकल्पको रूपमा अनौपचारिक शिक्षाको समेत व्यवस्था गर्न सक्यो भने देशले उच्च शिक्षाको क्षेत्रमा लगानी गरेको आर्थिक व्याय भारले उच्च शिक्षा प्राप्त गर्न चाहने सबैले समान अवसर पाउन सक्दछन् ।

प्रत्येक देशको शिक्षाको वर्तमान अवस्थालाई विवेचना गरी हेर्ने हो भने उच्च शिक्षा प्राप्त गर्ने विश्व विद्‍यालय प्रवेश गर्नेको सङ्ख्याभन्दा प्रवेश नगर्ने सङ्ख्या बढी छ । विश्व विद्‍यालय प्रवेश गरे पनि शिक्षा पूरा नगरी विश्व विद्‍यालय छोडेर जाने (Drop Out) को सङ्ख्या पनि ठूलै देखिन्छ । वर्तमान शिक्षा व्यवस्था र प्रणालीप्रति चिन्ता व्यक्त गर्दै सन् १९७२ मा युनेस्को (UNESCO) ले गठन

गरेको आयोगले वर्तमान शैक्षिक प्रणालीमा आन्तरिक सुधार गरी निरन्तर विकास गर्ने, शिक्षा प्राप्त गर्ने वैकल्पिक तथा नविन स्रोतहरूको खोजी गर्ने कुरा उल्लेख गर्दै शिक्षासम्बन्धी एउटा प्रतिवेदन प्रस्तुत गरेको थियो । युनेस्को (UNESCO) को सक्रियतामा गठित आयेगले दिएको प्रतिवेदनको मुख्य आसय अनुसारको कार्य आजसम्म भएको छ भन्न सकिने स्थिति छैन । माथि उल्लेखित कुराहरूको सम्बोधन खुल्ला विश्व विद्यालयको माध्यमबाट पुरा गर्न सकिन्छ ।

## त्रिभुवन विश्व विद्यालय शिक्षा शास्त्र सङ्काय र खुल्ला दूर शिक्षा

विद्यालय क्षेत्र सुधार योजना (२००९-२०१५) अनुसार विद्यालयको सङ्गठनको स्वरूप प्राथमिक १-५ कक्षा, निम्न माध्यमिक विद्यालय ६-८ कक्षा, ९-१२ कक्षा माध्यमिक तह निर्धारण गरेको छ । विद्यालयको उपरोक्त संरचना अनुसार माध्यमिक तहमा अध्ययन गर्ने शिक्षकहरूको सङ्ख्या तेह्र हजार भएको अनुमान छ । हाल विद्यालयमा कार्यरत शिक्षकहरूले बिदा लिई एमएड् अध्ययन गर्न नसक्ने र सरकारले पनि उनीहरूलाई अध्ययन बिदा दिन नसक्ने भएकाले त्यस्ता शिक्षकहरूको शैक्षिक योग्यता तथा शिक्षण सिप, दक्षतामा अभिवृद्धि गर्नका लागि खुल्ला तथा दूर शिक्षा शिक्षण कार्यक्रमलाई एक महत्त्वपूर्ण विकल्पको रूपमा त्रि.वि. शिक्षा शास्त्र सङ्काय र शिक्षा मन्त्रालय शैक्षिक जनशक्ति विकास केन्द्रको सम्झौता बमोजिम शिक्षा शास्त्र सङ्कायद्वारा सेमेष्टर प्रणालीमा शिक्षा शास्त्र सङ्काय अन्तर्गतका सानोठिमी क्याम्पस, सिराहा, गोरखा, बुटवल, सुर्खेत र डडेलधुरा क्याम्पसहरूमा एम.एड. कार्यक्रम यहि २०७० साल देखि सञ्चालन भई रहेको छ । उक्त कार्यक्रममा सरिक हुन निम्न लिखित Criteria निर्धारण गरिएको छ ।

(क) बीएड उत्तीर्ण गरी कम्तिमा दुई वर्ष विद्यालयमा स्थायी रूपमा सेवा गरिरहेको
(ख) बीएड वा सो सरह उत्तीर्ण गरी शैक्षिक जनशक्ति विकास केन्द्रद्वारा सञ्चालित १० महिने शिक्षक प्रशिक्षण पूरा गरी विद्यालयमा अस्थायी रूपमा कार्यरत शिक्षक,
(ग) विद्यालयमा अस्थायी रूपमा सेवारत बीएड उत्तीर्ण शिक्षकहरू हुनु पर्ने विद्यार्थीहरूको योग्यता निर्धारण गरिएक

उपरोक्त शैक्षिक योग्यता प्राप्त विद्यार्थीहरू पर्याप्त नभएमा बीएड उत्तीर्ण विद्यार्थीहरूलाई पनि समावेश गरिने छ ।

## खुल्ला विश्व विद्यालयको इतिहास

खुल्ला विश्व विद्यालयको इतिहासलाई हेर्ने हो भने सन् १९६० मा बेलायतमा University of Air को नामले पहिलो खुल्ला विश्व विद्यालयको स्थापना भएको थियो । University of Air ले २३ जुलाई १९६९ मा राज्यको तर्फबाट अनुमति प्राप्त गरेको थियो र उक्त विश्व विद्यालयलाई बेलायतका तत्कालीन प्रधानमन्त्री हेराल्ड विल्सनले राष्ट्रिय विश्व विद्यालयका नामले उद्घाटन गरेका थिए । यसै गरी हाम्रो छिमेकी देश भारतले आन्ध्र प्रदेशमा सन् १९८२ मा खुल्ला विश्व विद्यालय स्थापना गरेका थियो । हाल भारतमा दिल्ली र इलाहाबादमा खुल्ला विश्व विद्यालयको स्थापना भएको पाइन्छ । खुल्ला विश्व विद्यालयको आवश्यकता र महत्त्व माथि दुष्टिगत गरी विश्वका विभिन्न देशहरूमा यसको विकास र विस्तार भई रहेको छ ।

## नेपालमा खुल्ला विश्व विद्यालयको स्थापना प्रति भएका प्रयास

नेपाल एउटा भुपरिवेष्ठित गरीबीको रेखामुनि रहेको विकासोन्मुख देश हो । नेपालको भोगोलीक रूपबाट हेर्दा हिमाल, पहाड, तराइका विभिन्न सुगम, दुर्गम, अति दुर्गम क्षेत्रहरू रहेका छन् । नेपालमा सामाजिक एवम् आर्थिक दृष्टिकोणले हेर्दा, विभिन्न सामाजिक विभेद कुरीति, कुसंस्कार र आर्थिक दृष्टिकोणले हेर्दा मध्यम वर्गीय तथा गरीबहरू रहेको पाइन्छ । यसैगरी शैक्षिक रूपबाट हेर्दा, शिक्षितको तुलनामा अशिक्षितको सङ्ख्या बढी छ। यसरी नेपालमा रहेका अभिभावकहरू माथि उल्लेखित विविधतामा रहेका कारण सबै वर्गका विद्यार्थीहरूले औपचारिक शिक्षाको माध्यमबाट मात्र उच्च

शिक्षा प्रदान गर्न असम्भव रहेको कुरालाई मध्यनजर राखी राष्ट्रिय शिक्षा आयोग २०४९ को प्रतिवेदन अनुसार एक खुल्ला विश्व विद्यालयको स्थापनामा जोड दिएको पाइन्छ । खुल्ला विश्व विद्यालयको माध्यमबाट विविध कारणले उच्च शिक्षाको अवसरबाट वञ्चित व्यक्तिहरूलाई अनौपचारिक शैक्षिक प्रविधिहरूको विकास गरी शिक्षाको अवसर प्रदान गर्न सकिन्छ । खुल्ला विश्व विद्यालयमा शिक्षण विधिको रूपमा पत्राचार कार्यक्रम, रेडियो शिक्षा, टेलिभिजन शिक्षा, इन्टरनेटको माध्यमबाट ल्यापटप आदिबाट शिक्षा प्रदान, शैक्षिक सामग्रीको प्रयोग अध्ययन (Self Study) आदिलाई प्रयोगमा ल्याउन सकिन्छ । खुल्ला विश्व विद्यालयको माध्यमबाट उच्च शिक्षा प्राप्त गर्ने अवसर पाउने व्यक्तिले तोकिएको विश्व विद्यालयमा प्रवेश लिनु पर्ने, विश्व विद्यालयमा नियमित रूपमा आउनु नपर्ने, विश्व विद्यालयले निर्धारण गरेको पाठ्यक्रम घरमै बसी पूरा गरेपछि विद्यार्थीहरूले शैक्षिक योग्यताको प्रमाण पत्र प्राप्त गर्न सक्ने छन् ।

नेपालको सन्दर्भमा भन्ने हो भने नेपालको आर्थिक, सामाजिक आदि विविधताका कारणले गर्दा खुल्ला विश्व विद्यालयको आवश्यकता र महत्त्व ज्यादै भए पनि राष्ट्रिय शिक्षा आयोग २०४९ ले प्रतिवेदन दिएको एक्काइस वर्ष व्यतित भईसक्दा पनि आज सम्म खुल्ला विश्व विद्यालयको विधेयक बनाई पारित हुन नसक्नुको मूख्य कारण नेपालमा राजनीतिक अस्थिरता हो नै भन्न सकिन्छ । नेपालको आर्थिक, सामाजिक अवस्थालाई मध्यनजर गर्ने हो भने खुल्ला विश्व विद्यालयको आवश्यकता अपरिहार्य जस्तै भै सकेको छ । यसै कुरालाई दृष्टिगत गरी  नेपालमा खुल्ला विश्व विद्यालयको स्थापना चाँडै हुने समेत देखा पर्न थालेको छ । खुल्ला विश्व विद्यालयको स्थापनाले विविध कारणवश उच्च शिक्षा प्राप्त गर्नबाट बञ्चित व्यक्तिहरूका लागि उच्च शिक्षा प्राप्तिको अवसर मिल्ने छ ।

## खुल्ला तथा दूर शिक्षा कार्यक्रमका उद्देश्यहरू

एम.एड. तहको खुल्ला तथा दूर शिक्षा कार्यक्रमका उद्देश्यहरू निम्न बमोजिम छन् :

क) बी.एड. तह हासिल गरी एम.एड. तहको शैक्षिक योग्यता हासिल गर्ने अवसर नपाएका माध्यमिक विद्यालय तहमा अध्यापनरत शिक्षकहरूलाई एम.एड. तहको शिक्षा हासिल गर्ने अवसर प्रदान गर्नु

ख) खुल्ला तथा दूर शिक्षाको माध्यमबाट पनि माध्यमिक तहका निमित्त योग्य शिक्षकहरू उत्पादन गर्नु

ग) पठन पाठनको अलावा अनुसन्धानात्मक कार्यक्रमहरू सञ्चालन गर्नु समेत रहेको छ

घ) उच्च शिक्षा प्राप्त गर्नबाट बञ्चित व्यक्तिलाई उच्च शिक्षा प्राप्त गर्ने अवसर प्रदान गर्न

ङ) आफ्ना शैक्षिक अनुभवहरूलाई नविकरण गर्न इच्छुक व्यक्तिलाई शैक्षिक अवसर प्राप्त गर्न

च) आफ्नै घर वा भौगोलिक स्थानमा रहेर उच्च शिक्षा प्राप्त गर्ने अवसर प्रदान गर्नु

छ) जीवन पर्यन्त शिक्षाको अवसर प्रदान गर्न

त्रि.वि. आङ्गिक क्याम्पसहरू शिक्षाशास्त्र सङ्काय सानोठिमी क्याम्पसमा खुल्ला तथा दूर शिक्षाको माध्यमबाट स्नातकोत्तरका नेपाली शिक्षा, स्वास्थ्य शिक्षा र पाठ्यक्रम तथा मूल्याङ्कन शिक्षा विषयमा पढाई भईरहेको छ ।

## खुल्ला विश्व विद्यालयका विशेषताहरू

१) आर्थिक समाजिक राजनीति आदि कारणले उच्च शिक्षा प्राप्त गर्न बञ्चित व्यक्तिहरूलाई उच्च शिक्षा प्राप्त गर्न अवसर प्रदान गर्दछ ।

२) उच्च शिक्षा प्राप्त गर्न शिक्षालय नगई घरमै बसी बसी शिक्षा प्राप्त गर्न सकिन्छ ।

३) खुल्ला विश्व विद्यालयबाट शिक्षा प्राप्त गर्न समय र स्थान पूर्ण लचिलो भएकोले सिकारुले सर्वसुलभ ढङ्गबाट शिक्षा प्राप्त गर्न सक्छन् ।

४) विभिन्न पेसा तथा व्यवसायमा लागेका बेफुर्सदिला व्यक्तिहरूले आफ्नो फुर्सदको समय सदुपयोग गरी उच्च शिक्षा प्राप्त गर्न सक्छन् ।

५) परम्परागत प्रवचन विधिमा आधारित शिक्षको सट्टा शिक्षकका नयाँ प्रविधिहरूको प्रयोगबाट व्यक्ति लाभान्वित हुन्छन ।

६) कक्षाकोठाको शिक्षणमा आधारित नभएर आफ्नै कार्यक्षेत्रमा बसी अध्ययन गरी सिक्ने मौका पाउँछन् ।

७) खुल्ला विश्व विद्यालयद्वारा उच्च शिक्षा अध्ययन गर्ने व्यक्तिलाई बढी परिपक्व र जम्मेवार र सिर्जनशील बनाउँछ ।

**खुल्ला तथा दूर क्षिका लागि दक्ष जनशक्तिको विकास**

माथि उल्लेखित उद्देश्य पूर्तिका लागि चाहिने आवश्यक दक्ष जनशक्ति निर्माणका लागि फिनल्याण्ड (Finland) को हाम्क विश्व विद्यालय (Hamk University) र जाम्क (Jamk) का अनुभवी प्राध्यापक तुओमि लेप्पानेने (Professor Ms. Tuovi Leppanene), डा. माइजा हिरभोनेन (Dr. Maija Hirvonen), मिस मारी कोलु (Ms. Mari Kolu), मिस इरमेली (Ms. Irmeli), जार्क्को पोइकोनेन (Mr. Jarkko Poikonen), टाउरीओ तेर्तसुनेन (Mr. Taurio Tertsunen) समेतले शिक्षा शास्त्र सङ्कायका ६ वटा सम्बन्धित विषयका क्याम्पसमा कार्यरत शिक्षकहरूलाई विषयगत ज्ञान तथा शिक्षण सामग्री निर्माणका लागि आवश्यक तालिम दिनका अतिरिक्त खुल्ला तथा दूर शिक्षा कार्यक्रमका लागि फिनल्याण्ड (Finland) को दुवै विश्व विद्यालय (University) ले महत्त्वपूर्ण सहयोग पुऱ्याउँदै आएको छ । त्रिभुवन विश्व विद्यालय शिक्षा शास्त्र सङ्कायका ६ वटा क्याम्पसमा हाल यो कार्यक्रम परीक्षण (Pilot) का रूपमा लागु गरिएको र यो कार्यक्रम सफलतापूर्ण भएमा त्रि.वि.का अन्य Institute र Faculty हरूमा समेत क्रमशः विस्तार गर्दै जाने त्रिभुवन विश्व विद्यालयको नीति समेत रहेको छ ।

**खुल्ला तथा दूर शिक्षा कार्यक्रम सञ्चालन भएका क्याम्पस र विषयहरू**

माथि उल्लेखित उद्देश्यहरूको परिपूर्तिका लाीग शिक्षाशास्त्र सङ्काय अन्तर्गतका निम्न लिखित क्याम्पसहरूमा हाल पठनपाठन भइरहेका विषयमा अङ्ग्रेजी, गणित र जनसङ्ख्या शिक्षा विषयहरू थप गर्ने शिक्षा शास्त्र सङ्कायको योजना समेत रहेको छ ।

| क्र. सं. | क्याम्पसहरूको नाम | अध्यापन हुने विषयहरू | हाल अध्ययनरत विद्यार्थी सङ्ख्या |
|---|---|---|---|
| | सानोठिमी क्याम्पस, सानोठिमी | नेपाली शिक्षा, स्वास्थ्य शिक्षा र पाठयक्रम र मूल्याङ्कन शिक्षा | ४२ |
| | सिरहा क्याम्पस, सिरहा | नेपाली शिक्षा, स्वास्थ्य शिक्षा र पाठयक्रम र मूल्याङ्कन शिक्षा | २७ |
| | गोरखा क्याम्पस, गोरखा | नेपाली शिक्षा तथा पाठयक्रम र मूल्याङ्कन शिक्षा | ४ |
| | बुटवल क्याम्पस, बुटवल | नेपाली शिक्षा र स्वास्थ्य शिक्षा | ८ |
| | सुर्खेत क्याम्पस, सुर्खेत | नेपाली शिक्षा, स्वास्थ्य शिक्षा र पाठयक्रम र मूल्याङ्कन शिक्षा | १० |
| | डडेलधुरा क्याम्पस, डडेलधुरा | नेपाली शिक्षा, स्वास्थ्य शिक्षा र पाठयक्रम र मूल्याङ्कन शिक्षा | १२ |

**खुल्ला तथा दूर शिक्षाको महत्त्व**

१. विविध कारणले उच्च शिक्षा प्राप्त गर्नबाट बञ्चित व्यक्तिहरूलाई घरमै बसी बसी उच्च शिक्षा प्राप्त गर्न अवसर मिल्छ ।

२. शिक्षाशास्त्र सङ्कायमा हाल सञ्चालन भईरहेको खुल्ला तथा दूर शिक्षाको माध्यमबाट डिग्री प्राप्त गर्न सेवारत शिक्षकहरूको वृत्ति विकासमा मद्दत पुग्छ ।

३. खुल्ला तथा दूर शिक्षाबाट उत्पादित जनशक्तिहरूले निकट भविष्यमा स्थापना हुन लागेको खुल्ला विश्व विद्यालयमा रोजगारीको अवसर मिल्छ ।
४. खुल्ला तथा दूर शिक्षाबाट डिग्री प्राप्त विषयमा हाल पढाई भइरहेका विषयहरू मध्ये नेपाली शिक्षा र स्वास्थ्य शिक्षामा तल्लो तहमा सम्बन्धित विषयमा स्नातक नभएका व्यक्तिहरूको लागि पाठ्यक्रम तथा मूल्याङ्कन विषयमा अध्ययन गर्न पाउने व्यवस्थाले उच्च शिक्षा अध्ययन गर्ने धेरै व्यक्तिलाई लाभान्वित गर्दै ल्याएको छ ।
५. आफ्नै घर वा आफ्नै भौगोलिक क्षेत्रमा रही सर्वसुलभ ढङ्गमा उच्च शिक्षा प्राप्त गर्न अवसर मिल्छ ।

## खुल्ला तथा दूर शिक्षा अन्तर्गत अध्ययन गर्नका लागि आवश्यक योग्यता

१. खुल्ला तथा दूर शिक्षा अन्गार्तत उच्च शिक्षा अध्ययन गर्ने व्यक्तिहरूले सम्बन्धित विषयमा स्नातक उत्तीर्ण हुनु पर्ने
२. सम्बन्धित विषयमा बीएड वा सो सरह उत्तीर्ण गरी शैक्षिक जनशक्ति विकास केन्द्रबाट सञ्चालित १० महिने शिक्षक प्रशिक्षक तालिम लिएको हुनु पर्ने
३. प्रविधिको माध्यम (Computer, Laptop) बाट अध्यापन गराइने हुँदा कम्प्यूटरको ज्ञान हुनु पर्ने ।
४. अङ्ग्रेजीको ज्ञान भएको
५. खुल्ला तथा दूर शिक्षाको माध्यमबाट डिग्री अध्ययन गर्ने विद्यार्थी जुन भौगोलिक स्थानमा रही अध्ययन गर्ने हो सो ठाउँमा Internet को सुविधा हुनु पर्ने ।

## निष्कर्ष

खुला विद्यालय र विश्व विद्यालय गरिब, पहुँच नभएका आदि व्यक्तिहरूको लागि सरस्वतीको वर दान नै हो । नेपालमा भएका स्थानीय ज्ञान, प्रविधि र सिपलाई उजागर गरी विश्वसम्म पुऱ्याई समग्र व्यक्ति, घर, परिवार, राष्ट्रलाई शिक्षाको माध्यमबाट माथि उठाउन खुला शिक्षा अत्यावश्यक र जरूरी भैसकेको छ । नेपालमा अनौपचारिक शिक्षा केन्द्रमार्फत् सञ्चालित निम्न माध्यमिक तहको खुला शिक्षा, शैक्षिक जनशक्ति विकास केन्द्र मार्फत् सञ्चालित माध्यमिक तहको खुला शिक्षा तथा विश्व विद्यालयबाट सञ्चालित खुला शिक्षाका प्रयासहरूलाई सकारात्मक प्रयासका रूपमा लिनु पर्छ । त्यसैगरी प्रस्तावित खुला विश्व विद्यालयलाई पनि कार्यान्वयन गर्न सकेका उच्च शिक्षाबाट बञ्चित नेपालीहरू नेपालको दूर दराज तथा व्यस्त कार्यस्थलबाट नै उच्च शिक्षा हासिल गर्न सक्ने आशा गर्न सकिन्छ ।

## सन्दर्भ सूची

थापा, एन.पी., (२०६९). **शिक्षा मनोविज्ञान**. काठमाडौं : आएसिस पब्लिकेशन प्रा.लि.
थापा, एन.पी., (२०६५). **शिक्षा शास्त्र र नेपालमा शिक्षा**. काठमाडौं : बौद्धिक सञ्चार प्रा.लि.
प्रधान, डा. केदार, (२०५५). **शिक्षाका दर्शनशास्त्रीय तथा समाजशास्त्रीय आधार**. ललितपुर : ललित शिक्षा क्याम्पस
Paul Lengrand, (1970). *An introduction to lifelong Education*. UNESCO
Faure Edger and other. (1972). *Meaning to be the world of the education today & tomorrow*, Paris : UNESCO.